# अध्याय - एक (Chapter One)

## परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभुमि (General Background)

स्वास्थ्य मानिसको अमूल्य धन हो। व्यक्तिलाई समाजमा स्वास्थ्य जिवनयापन गर्नका लागि ज्ञान, सिप, अनुभवहरु प्रदान गर्ने एक मात्र विषय स्वास्थ्य शिक्षालाई लिइन्छ। स्वास्थ्य शिक्षाका माध्यमद्वारा नै व्यक्ति स्वस्थ्य र सुखी जिवनयापन गर्न सक्षम हुन्छ। स्वास्थ व्यक्तिले आफ्नो दैनिक जीवन सहज र सरल रुपले जिउन सक्दछन्। अहिलेको आधुनिक समयमा मानिसहरु धेरै व्यस्त र अस्तव्यस्त हुन थालेका छन्। जसको कारण स्वरुप आफ्नो बानी व्यवहारले आफ्नो स्वास्थ्यलाई बिगारीरहेका छन्। जब हामीले हाम्रो जिवनमा हरेक क्षणमा स्वस्थ्यप्रति सचेत रहदैनौं तबसम्म विभिन्न महामारी, शारीरिक र मानसिक समस्याहरुमा रोमलिने गर्दछैं। मानिसहरुको बानी व्यहोरा, रहनसहन र अव्यवहारिक खानपानका कारणले गर्दा कोरोना भाइरस जस्तो माहामारी रोगको सिकार हुनु परेको छ। विशेष गरेर विश्वव्यापी माहामारी सन् २०१९ को डिसेम्बरमा पहिलो पटक चीनको वुहानमा कारण थाहा नभएको अवस्थामा कोभिड - १९ उत्पत्ति भएको थियो। (अप्रिल १३, २०२०, विश्व स्वास्थ्य सङ्गठन)

प्रारम्भमा चीनबाट माहामारीको रुपमा देखापरेको यो भाइरस क्रमश : फैलिदै १६० भन्दा बढी देशहरुमा तिब्ररुपमा बढीरहेको एक अदृश्य भाइरस हो। यो एक व्यक्तिबाट अर्को व्यक्तिमा हुँदै समुदायस्तरमा समेत फैलिएको एक घातक भाइरसकारुपमा रहेको छ। (अप्रिल २३, २०२०, विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यु एचओ)) )

नोबेल कोरोना भाइरस प्रजाति, भाइरसहरुको एउटा ठूलो परिवारको एक सदस्य हो। यसको संक्रमणबाट हुने रोगलाई कोभिड - १९ भनिन्छ। जसमा सामान्य ज्वरो, खोकी, स्वासप्रस्वासमा कठीनाईदेखि अत्यन्त गम्भिर शारीरिक समस्याहरु उत्पन्न भई विरामिको मृत्यु समेत हुन सक्दछ। (अप्रिल २३, २०२०, विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यु एचओ))

कोभिड - १९ ले नेपालमा पहिलो पटक २०७६ माघ ९ गते कोरोना भाइरस चीनको वुहानमा अध्ययनरत नेपाली विद्यार्थीहरु संक्रमि भएको पुष्टी भएको थियो । उक्त विद्यार्थी पछि गएर पूर्णरुपमा स्वस्थलाभ लिइसकेका छन् ।

शिक्षा मानिसको नैसर्गीग अधिकार हो । नेपालको संविधानले शिक्षा सम्बन्धि अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभुत गरेको सन्दर्भमा शिक्षालाई पन्धौं पञ्च वर्षिय योजना (आ.ब. २०७६/७७–२०८०/८१) लेसमेत परिस्कृत एवम मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्मय विकासको आधार समेत मानेको छ । ज्ञानका आधारित समाजको माध्ययमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपुर्ण रुपमा अङ्गिकार गरेको छ । शिक्षा प्रत्यक नागरिकको नैसर्गिक र जन्मसिद्ध अधिकार हो । जसको सबल कार्यन्वयनका लागि संयूक्त राष्ट्र सङ्घीय मानव अधिकार सम्बन्धि ऐन सन् १९४८ को घोसणा पत्र सन् १९७९ को बाल अधिकार महासंन्धि लगायतका अन्तराष्ट्रिय सन्धिको पक्ष राष्ट्रका रुपमा आफुलाई दर्ज गर्दै आएको नेपालले विद्यालय शिक्षामा सबैको सहज पहुँच स्थापित गर्ने लक्ष्यका साथ नीतिगत संरचनागत, व्यवहारगत, संस्थागत तथा कार्यक्रमगत प्रबन्धमा जोड दिदै आएको देखिन्छ । यतिबेला कोरोना भाइरस जस्तो महामारीबाट विश्व आकान्त भैसकेको छ । त्यसैगरि विश्वभरि यसको महामारिबाट सङ्कमित र मृत्यु हुनेको सङ्ख्या कमशः ८६२७१८३१ र १८६४३४२ रहेको छ (डब्लुएचओ जनवरी ५, २०२१) । भने नेपालमा मात्र सङ्क्मित र मृत्युको संख्या कमशः २६२७८४ र १८९३ रहेको छ (डब्लुएचओ जनवरी ५, २०२१)।

गत वर्ष विद्यालयमा कक्षा १ - ९ सम्मको वार्षिक परिक्षा निर्धारित समय अगावै सञ्चालन गरियो भने ४ लाख ८२ हजार ७ सय ७ जना SEE परिक्षा दिने विद्यार्थीहरुको अनिश्चितकालका लागि स्थगित गरिएको थियो । तर शिक्षा मन्त्रालयको आन्तरिक छलफल पछाडि आन्तरिक मूल्याङ्कनको आधारमा नतिजा सार्वजनिक गरिएको थियो ।

कोभिड १९ का कारण १ अर्व ३० करोड विद्यार्थी प्रभावित हुनेगरि विश्पभरका विद्यालयहरु बन्द भएको कुरा युनेस्कोको विद्यालय पुनः सुचारु गर्ने प्रारुप २०२० मा उल्लेख गरिइको छ । त्यसैगरि नेपालमा मात्र सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी प्रभावित हुनेगरी विद्यालयहरु बन्द भएका थिए (नयाँ पत्रिकाः २१ जेठ, २०७७) । त्यसैगरी देशभरका सामुदायिक, संस्थागत र धार्मीक विद्यालय त्रःमशः २७७२८, २६०६, ११२१ गरी

देशभरका कुल ३५०५५ विद्यालयहरुमा पठनपाठन प्रभावित भएको थियो । (फ्यास रिपोट २०२०) ।

माथि उल्लेखित तथ्य र तथ्याङ्कलाई मात्र आधार मान्ने हो भनेपनि नेपालको इतिहासका ठुलो शैक्षिक क्षेति भएको मान्न र सहजै अनुमान लगाउन सकिन्छ र तत्काल न्युनिकरण गर्नसक्ने अवस्था पनि छैन ।

नेपालमा पछिल्ला दिनहरुमा कोरोनाको नियन्त्रण भइ क्रमिक रुपमा माहामारी नियन्त्रण भई महामारीसँगै हाम्रा दैनिकीहरुलाई समायोजन गर्दै पहीचान, पहुँच, प्रथमिकता र पर्याप्तता सन्र्दभको वुद्धिमतापुर्वक उपयोग मार्फत विद्यालय शिक्षालाई कोरोना पछि सञ्चालन गराई विद्यालय शिक्षालाई जीवन्त राख्नुको विकल्प थिएन । विद्यालय संचालन प्ररुप २०७७ अनुसार हाल स्थानिय सरकारलाई कोरोनाको प्रभावको अध्ययान गरी जोखिम कम भएका स्थानमा सुरक्षाका मापदण्ड अबलम्बन गर्दै विद्यालइहरु पुनः संचालन गर्न पाउने भनि शिक्षा मन्त्रालयले सुचना प्रकाशित गरेपश्चात विद्यालयहरु क्रमशः संचालनमा आउन थालेका छन ।

## १.२ समस्याको कथन (Statement of the Problem)

वर्तमान समयमा नोबेल कोरोना भाइरस र कोभिड - १९ ले संसार सन्त्रासमा छ । चीनबाट सुरुभएको भाइरस हाल करिब १ सय ६० देशमा फैलिसकेको छ र यो क्रमशः जारी छ । विश्वभर ८ करोड ९४ लााख ७४ हजार ४८६ भन्दा बढी मानिसहरु संक्रमित छन् भने १९ लाख २४ हजार ४ सय बढीले ज्यान गुमाइसकेका छन् भने नेपालमा मात्र सङ्क्मित र मृत्युको संख्या क्रमशः२६२७८४ र १८९३ रहेको छ (डब्लुएचओ जनवरी ५, २०२१) । पछिल्लो समयमा यस माहामारीबाट बालबच्चा देखि वृद्धवृद्धाहरु र दीर्घरोगीहरु बढीमात्रामा प्रभावित भएका छन् ।

नेपालमा पछिल्ला दिनहरुमा कोरोनाको नियन्त्रण भइ क्रमिक रुपमा माहामारी नियन्त्रण भई महामारीसँगै हाम्रा दैनिकीहरुलाई समायोजन गर्दै पहचिान, पहुँच, प्रथमिकता र पर्याप्तता आदि सन्र्दभको वुद्धिमतापुर्वक उपयोग मार्फत विद्यालय शिक्षालाई कोरोना पछि सञ्चालन गराई विद्यालय शिक्षालाई जीवन्त राख्नुको विकल्प थिएन । विद्यालय संचालन प्ररुप

२०७७ अनुसार हाल स्थानिय सरकारलाई कोरोनाको प्रभावको अध्ययन गरी जोखिम कम भएका स्थानमा सुरक्षाका मापदण्ड अवलम्वन गदै विद्यालईहरु पुनः संचालन गर्न पाउने भनि शिक्षा मन्त्रालयले सुचना प्रकाशित गरेपश्चात विद्यालयहरु क्रमशः संचालनमा आउन थालेका छन । त्यसैले मैले यो समस्या छानेकि यो कोभिड १९ पछि विद्यालयहरुले कस्तो स्वास्थ्य मापदण्ड अपनाएर विद्यालय पुनः संचालनमा आए र यसले भविष्यमा कस्तो असर पार्न सक्छ भन्ने रहेको छ ।

वर्तकान समयमा सुनसरी जिल्लामा सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कोरोना विरुद्धको स्वास्थ्य मापदण्ड अध्ययन अनुसन्धान भएको अवस्था छैन । यसकुरालाई मनन गरि यस अध्ययनको समस्याको कथन पनि सुनसरी जिल्लाका संस्थमगत विद्यालयमा कोभिड १९ पछि सञ्चालनमा आएका  विद्यालयले अपनाएका स्वास्थ्य मापदण्डको अध्ययन रहेको छ ।

## **१.३ अध्ययनको उद्देश्य** (Objectives of the Study)

सुनसरी जिल्लामा कोभिड १९ पछि सञ्चालनमा आएका  विद्यालयले अपनाएका स्वास्थ्य मापदण्डको अध्ययन गर्नु हो । त्यसै गरी यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न अनुसार छन :

क) विद्यालयले अपनाएका कोरोना विरुद्ध स्वस्थ्य मापदण्डका साधनहरुको प्रयोग सम्वन्धी व्यवहार पत्ता लगाउन ।

ख) कोरोना विरुद्ध स्वस्थ्य मापदण्डका साधनको प्रयोग सम्वन्धी लेखा जोखा गर्न ।

ग) विद्यालमा कोरोना विरुद्ध स्वस्थ्य मापदण्डका साधन प्रयोगको समस्या पहिचान गर्न ।

## **१.४ अनुसन्धान प्रश्न** (Research Questions)

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरु निम्न अनुसार रहेका छनः

क) विद्यालयमा कोरोना विरुद्ध स्वस्थ्य मापदण्डका साधनहरुको ज्ञानको अवस्था कस्तो छ ?

ख) विद्यालयमा कोरोना विरुद्ध स्वस्थ्य मापदण्डका साधनको प्रयोग अवस्था कस्तो छ ?

ग) विद्यालयले कोरोनाविरुद्ध स्वस्थ्य मापदण्डका साधनहरु प्रयोग नगर्नुका कारणहरु के-के हुन सक्छन् ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

विश्व जगत अहिले कोरोना महामारीका कारण आर्थिक, राजनैतिक, सामाजिक र सास्कृतिक रुपमा क्षतविक्षत हुन गई गरिबी, भोकमरी र बेरोजगारी जस्ता समस्याबाट थिलथिलो परेको सर्न्दभमा शिक्षा क्षेत्र पनि कोरोना कहरबाट प्रताडित मात्र भएनकी शैक्षिक क्यालेन्डरको समेत कमभङ्ता भएको छ  भने शिक्षा प्रणालिनै निक्ष्प्रभावी र अनुत्पादक सिद्द भएको छ । यस अध्ययनको प्रमुख महत्व भनेको यस कोभिड १९ पछि सञ्चालनमा आएका विद्यालयले अपनाएका स्वास्थ्य सम्बन्धि साधनहरुको ज्ञानको अवस्था पत्ता लगाउनु साथै सुरक्षित विद्यालय संचालन गर्न आवश्यक स्वास्थ्य मापदण्डका साधनहरुको स्थानिय स्रोत र साधनहरुको समुचित प्रयोग जानकारी प्रदान गर्नु रहेको छ। यस अध्ययनले माहामारिमा पनि कसरी विद्यालय संचालन गर्न सकिन्छ भनि जानकारी प्रदान गर्नु रहेको छ । यो अध्ययनका मुख्य महत्वहरुलाई निम्न बुदाहरुमा उल्लेख गर्नसकिन्छ :

क. यस अध्ययनले विद्यालयलाइ माहामारीमा पनि विद्यालयले वैकल्पिक साधनहरुको प्रयोग गरी पठनपाठन गर्नसकिने रहेछ भनि भावि भविष्यमा सर्तक रहन शिक्षा प्रदान गर्ने छ ।

ख. शिक्षा क्षेत्रको प्राथमिकता, शिक्षण विधि र शैलिका लागि सुवर्ण अवसर प्राप्त गर्ने छ,

ग. जसले वैज्ञानिक व्यावस्थापन मार्फत शैक्षिक जगतको प्याराडाइम नै सिफ्ट हुन सहयोग गर्ने छ ।

घ. नयाँप्रविधिको प्रयोगले शिक्षामा प्रविधिको मनग्य र भरपुर खोजि र प्रयोगले शिक्षक र विद्यार्थीलााई नयाँ युगमा धकेलिदीएकोछ ।

ङ. समय परिवेसअनुसार आफुलाई अद्यावधिक गराई सिकाइका वैकल्पिक माध्ययमको प्रयोग मार्फत सिक्न र सिकाउन समारात्मक सन्देश दिनेछ ।

घ. सिक्ने र सिकाउने सवालमा दुवैलाई प्रविधि मैत्री बन्न सहयोग प्रदान गर्नेछ ।

## १.६ अध्ययनको सिमाङ्कन (Delimitations of the Study)

यस अनुसन्धान कार्यलाई सफल र परिमाणमुखी बनाउका लागि निम्न लिखित सिमा निर्धारण गरिएको छ ।

क) यो अध्ययनले सुनसरी जिल्ला मात्र समेटेको छ ।

ख) यस अध्ययनमा संस्थागत विद्यालयहरुमात्र समेटिएका छन् ।

ग) यस अध्ययनमा १० संस्थागत विद्यालयहरु मात्र समेटिएका छ ।

घ) यो अध्ययनमा कोभिड १९ पछि सञ्चालनमा आएका विद्यालयले अपनाएका स्वास्थ्य मापदण्डको मात्र अध्ययन गरीएको छ ।

ङ) प्रस्तुत अध्ययन सिमीतस्रोत, साधन र समय भित्र रही तयार पारिएको छ ।

## १.७ प्रयोग भएका शब्दावली अर्थ (Definition of the Key Terms)

**स्वास्थ्यः**

डब्ल्यु एचओ १९४८ अनुसार 'रोग र दुलर्भतबाट मात्र मुक्त नभई पूर्णतया शारिरिक, मानसिक तथा सामाजिक तवरले पूर्ण स्वास्थ्य स्थिति उत्पन्न हुनु हो ।'

**वातावरण**

पार्क एण्ड पार्कका अनुसार 'वातावरण भन्नाले खालि हावा, माटो, पानि, वनजङ्गल मात्र नभइ हामि बाँच्ने सामाजिक र आर्थिक अवस्थालाई पनि बुझिनछ ।'

**सरसफाई**

अमेरिकाकको राष्ट्रिय सरसफाई संस्थाका अनुसार 'सरसफाइ जीवनको त्यो बाटो हो जसले गुणस्तरिय जीवन जिउनका लागि सफा घर, सफा कार्यक्षेत्र, सफा विद्यालय, सफा छरछिमेक तथा विद्यालयको स्पसट वणृन गर्दछ । साथै ज्ञाका विकास र अवधारणा तथा आदर्श कानविय सम्बन्ध स्थापना गर्नका लागि मानिसलाई विनको सुरुदेखि नै सरसफाईले महत्वपुर्ण योगदान पुऱ्याउँदछ ।'

**सामुदायिक विद्यालय**

शिक्षा ऐन २०२८ का अनुसार नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृति पाप्त विद्यालयलाई सामुदायिक विद्यालय भनिन्छ ।

**वर्णणात्मक ढाँचा :**

तथ्याङ्कलाई जस्ताकोतस्तै व्याख्या गर्ने प्रक्रिया ।

# अध्याय - दुई (Chapter Two)

# सम्बन्धित साहित्यको पुनरावलोकन र धारणात्मक संरचना

# (Review of the Related Literature)

## २.१ सैदान्तिक साहित्यको पुनरावलोकन (Theoretical Literature Review)

नोबेल कोरोना भाइरस प्रजाती भाइरसहरुको एउटा ठूलो परिवारको एक सदस्य हो । यसको संक्रमणबाट हुने रोग कोभिड - १९ हो जसमा सामान्य ज्वरो, खोकी, स्वासप्रस्वासमा कठीनाई देखा परी अन्त्यमा गम्भिर शारीरिक समस्याहरु उत्पन्न भई रोगीको मृत्युसमेत हुनसक्छ ।

अहिले नेपालमा कोरोना परिक्षण गर्न सरकारी र निजि अस्पताल दुवैमा ल्याबको व्यवस्था गरिएको छ। कोरोना संक्रमण फैलिएका बेला एकै पटक धेरै बिरामीहरुलाई परीक्षण गर्नुपर्ने हुन्छ । यस्ता अवस्थामा विकराल बन्ने एम्स हस्पिटलका सरुवा रोग विशेषज्ञ डा. अनुप सुवेदी बताउँछन् । सरकारले कोरोनाको विषयमा गम्भिर नभएको र यसले माहामारी कति बढीरहेको छ भन्ने बुझाई कम छ।

यस माहामारीबाट विशेष गरेर शरीरमा भएको प्रतिरक्षा प्रणालीमा रोगले अक्रमण गर्ने अवस्थाका बारेमा विचार गर्दा बालबालिका र वृद्धवृद्धाहरु बढीमात्रामा रहेका छन्। यस अवस्थामा राज्यसँग ICU र भेन्टिलेटरको अभाव रहेको छ । यसले पर्यटन व्यवसाय ध्वस्त हुने अवस्था आएको छ भने औद्योगिक क्षेत्रमा वा उद्योग व्यवसाय चौपट हुने अवस्था आई हजारौंले रोजगारी गुमाउने र मानिसहरु बेरोजगार भई भोकमारीको बिकराल समस्याहरु आईपर्ने देखिन्छ। (नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय)

त्यस्तै गरेर भोलीका कर्णधार बालबालिकाहरुको शैक्षिक भविष्य अन्यौलपूर्ण भएको छ । शिक्षा क्षेत्रमा समेत एउटा ठूलो चुनौती देखा परेको छ। त्यस्तै गरेर सर्वसाधारणहरुलाई खानपिन

गर्न समेत गाह्रो भएको छ । कोरोना भाइरसको कारण डलर र सुनमा मुल्य वृद्धि भएको छ । बैंकिङ व्यवसायमा तरलताको अभाव सृजना भएको छ । यसले अर्थतन्त्रमा समेत प्रभाव पारेको छ ।

कोरोना भाइरसको कारण एकाएक मुल्यवृद्धि मौलाएको छ । यसले सर्वसाधारणको ढाढ सेक्ने काम भएको छ । दैनिक प्रयोगको सामग्रीहरुमा दोब्बर मुल्य वृद्धि भएको छ । कालोबजारी मौलाएको छ । सर्वसाधारण जनताहरुलाई कुनै राहात प्याकेज दिने खालका कार्यक्रमहरु सरकारले गर्न सकेको छैन । अव्यवस्थित रहनसहन, खानपिनका कारण मानिसहरु कोरोना भाइरसको प्रकोपमा परिरहेका छन् । यसका लागि व्यक्ति आफै सचेत भएर अगाढि बढ्नुपर्ने र सुरक्षित रहन पहल गर्नुपर्ने देखिन्छ ।

फ्यास रिपोट २०२० का अनुसार, कोभिड १९ का कारण १ अर्व ३० करोड विद्यार्थी प्रभावित हुनेगरि विश्वभरका विद्यालयहरु बन्द भएको कुरा युनेस्कोको विद्यालय पुनः सुचारु गर्ने प्रारुप २०२० मा उल्लेख गरिइको छ । त्यसैगरि नेपालमा मात्र सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी प्रभावित हुनेगरी विद्यालयहरु बन्द भएका थिए (स्वास्थ्य मन्त्रालय २०७७) । त्यसैगरी देशभरका सामुदायिक, संस्थागत र धार्मीक विद्यालय त्रःमशः २७७२८, २६०६, ११२१ गरी देशभरका कुल ३५०५५ विद्यालयहरुमा पठनपाठन प्रभावित भएको थियो ॥

### २.१.१ विद्यालय शिक्षामा कोरोना कहरको प्रभाव

विश्व जगत अहिले कोरोना महामारीका कारण आर्थिक, राजनैतिक, सामाजिक र सास्कृतिक रुपमा क्षतविक्षत हुन गई गरिबी, भोकमरी र बेरोजगारी जस्ता समस्याबाट थिलथिलो परेको सर्न्दभमा शिक्षा क्षेत्र पनि कोरोना कहरबाट प्रताडित मात्र भएनकी शैक्षिक क्यालेन्डरको समेत क्रमभङ्ता भएको छ भने शिक्षा प्रणालिनै निक्ष्प्रभावी र अनुत्पादक सिद्द भएको छ । यद्दपि विद्यालय शिक्षामा केरोना कहरको प्रभावलाई नकारात्मक र सकारात्मक ढङ्बाट यसरी संक्षेपीकरण गर्न सकिन्छ :

### २.१.१.१ नकारात्मक प्रभाव

करीब १ अर्व ३० करोड विद्यार्थि प्रभावित हुनेगरी विश्वभरका विद्यालय बन्द भएकाले अनपेक्षित ढङगले शैक्षिक क्षति भएको छ । जसको प्रत्यक्ष प्रभाव विद्यालइको शिक्षण सिकाइमा परि रहेको छ । (पुर्वेलि न्युज डट कम, जुन १२, २०२०)

नेपालमा मात्र सामुदायिक र संस्थागत गरि कुल ८१,२७,२६३ विद्यार्थि प्रभावित हुनेगरी लामो समय सम्म विद्यालयहरु बन्द रहे । जसका कारण समग्र शैक्षिक क्यालेन्डर नै प्रभावित हुन गई १५ औं योजनाको लक्ष्य, दीर्घकालिन सोच – २१०० र दिगो विकास लक्ष्यमा चित्रण गरिएको शिक्षाको गन्तव्य समेत प्रभावित भएको छ । कोरोना माहामारिका फलस्वरुप विद्यालय पुनः संचालनमा आउनका लागि झन्डै ८ महिना कुर्नु परेको थियो । करिब ४ लाख ८५ हजार माध्यमिक शिक्षा परिक्षा एसईई तयारिमा जुटेका विद्याथि परिक्षा दिने अवसाबाट वञ्चित भई उनिहरुमा शैक्षिक ह्रस आएको थियो साथै बालबालिकाको शिक्षण सिकाइमा प्रभावित हुनुका साथै विशेषगरी सीमान्तकृत बालबालिकाको शिक्षा, स्वस्थ्य, सुरक्षा र पोषणमा समेत नकारात्मक असा पर्नगयो । (वर्ड ओमेटरस् डट इन्फो, जुन ११, २०२०)

कोरोना कहरका कारण समुदायिक र संस्थागत विद्यालयको शैक्षिक गतिविधिमा समेत असरपरेको कारणले गर्दा हुँदा खाने र हुने खाने वर्गको जिवनमा निकै ठुलो क्षति पुगेको कारण निकै लामो समयसम्म भविश्यमा असर पुग्ने देखिएको छ । बालबालिकाले सिकेका सिकाई उपलब्धिहरुसमेत खतरामा पुग्नुका साथै सिकाइमा भएको क्रम भङ्गताका कारण विद्यार्थीमा मनोवैज्ञानिक असर परी तत्काल शिक्षण सिकाइमा जीवन्त सहभागिताका लागी प्रेरित हुन सक्ने सम्भावना न्युन देखिन्छ भने अभिभावकहरुसमेत आफ्ना नानिहरुको भविष्य प्रति चिन्तित देखिएका छन् ।

### १.१.१.२ सकारात्मक प्रभाव

शिक्षा क्षेत्रको प्राथमिकता, शिक्षण विधि र शैलिका लागि सुवर्ण अवसर प्राप्त भयो, जसले वैज्ञानिक व्यावस्थापन मार्फत शैक्षिक जगतको प्याराडाइम नै सिफ्ट हुन सहयोग गर्यो ।

नयाप्रविधिको प्रयोगले शिक्षामा प्रविधिको मनग्य र भरपुर खोजि र प्रयोगले शिक्षक र विद्यार्थिलााइृ नयाँ युगमा धकेलिदीयो । समय परिवेसअनुसार आफुलाई अद्यावधिक गराई सिकाइका वैकल्पिक माध्ययमको प्रयोग मार्फत सिक्न र सिकाउन समारात्मक सन्देश प्राप्त भयो । सिक्ने र सिकाउने सवालमा दुवैलाई प्रविधि मैत्री बन्न सहयोग प्रदान गऱ्यो ।

हाल प्रविधिको उपयोग गर्ने बानिको विकास हुन थालेको छ । जसले अनलाइन र अफलाइन दुवै मोडमा शिक्षण सिकाइृ मार्फत सिकाइलाई निरन्तरता दिने अवसर प्राप्त भएको छ । पहुच र पर्ययाप्तताका आधारमा रेडियो, स्थानिय एफ्.एम्, टेलिभिजन र इन्टरनेट मार्फत अनलाइन क्लास, भर्चुअल क्लास र जुम मिटिङ जस्ता वैकल्पिक सिकाई माध्ययमका लागि वातावरण तयार हुन गयो । शिक्षण सिकाइका लागि बडेमानका भौतिक पूर्वधार मात्र पर्याप्त होइन जोखिम व्यावस्थापनका लागि समेत कौसलपुर्ण उपयोगिता तर्फ समेत ध्यान आकषर्ण हुन पुग्यो । अभिभावक र विद्यार्थिका बिचमा दोहोरो जबाफदेहिता अभिवृधि भएको छ । विद्यार्थीले घर परिवार बाट जीवनका मुल्यमान्यता, संस्कार र व्यावहार तथा प्रयोगात्मक ज्ञान आर्जन गर्ने अवसर प्राप्त गरेका छन ।

### २.१.१.३ विद्दमान परिस्थितिमा शिक्षण कियाकलाप निरन्तरताका लागि मौजुदा व्यवस्था

नेपालको संविधानको भाग ३, धारा ३१ म शिक्षालाई मौलिक हकको रुपमा प्रत्याभुत गरएिको छ । धारा ३१ (२) मा प्रत्यक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षामा अनिवार्य र निः शूल्क तथा माध्यमीक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरिएको छ । त्यसैगरि शिक्षालाई संङ्घ, प्रदेश र स्थानिय तहको एकल तथा संयुक्त अधिकारका रपमा ( अनुसुचि ५,६,८ र ९) मा व्यवस्था गरिएको छ । अनुसुचि ८ बमोजिम आधारभुत र माध्यमिक शिक्षाको अधिकार स्थानिय तहमा व्यवस्थित गरिएको छ ।

शिक्षा ऐन २०२८ तथा २०४९ राष्ट्रिय शिक्षा निति २०७६ बृहत विद्यालय सुरक्षा कायान्वयन कार्यविधि २०७५ बृहत विद्यालय सुरक्षा संञ्चार रणनिति, २०७५ ओपेन डिस्ट्यान्स लर्निङ्ग पलेसि, २०६३ विद्यालय शिक्षामा सुचना तथा संञ्चार प्रविधिको प्रयोग सम्बन्धि निर्देसिका, २०७६ राष्ट्रपति शैक्षिक सुधार कायृकम कार्यान्वयन कार्यविधि, २०७७ कोभिड १९ कन्टिजेन्सि

प्लाान, वैकल्पिक प्रणालिबाट विद्यार्थीको सिकाई सहजिकरण निर्देसिका २०७७ र विद्यालय पुनः सञ्चालन कार्यविधि २०७७ आदिले शिक्षा सम्बन्धि कानुनि व्यवस्था गरेको छ ।

## २.२ संज्ञानात्मक साहित्यको पुनरावलोकन (Empirical Literature Review)

साहित्यको पुनरावलोकन अर्न्तगत पुनरावलोकन सँग सम्वन्धित व्यवहारिक विषय वस्तुलाई पुनरावलोकन गरी प्रस्तुत गर्ने कार्य नै संज्ञानात्मक साहित्यको पुनरावलोकन हो । यस अर्न्तगत सर्बेक्षण द्वारा प्राप्त नतिजाहरु विभिन्न अनुसन्धानका नतिजा थेसिजका प्राप्तिहरु आदिलाई व्यवहारिक साहित्य अर्न्तगत लिई व्यवस्थित एवम् संगठित गरिएको छ ।

वैधका (१९९७) अनुसार : प्रत्यक विद्यालयले दैनिक औसत ६ के. जि. फोहोर उत्पादन गर्ने गरेको छ, जसका कारण ५८.३३ प्रतिसत दुर्गन्ध भएको, २० प्रतिसत विद्यार्थीको वातावरण प्रदुषित भएको तथा १८.३३ प्रतिशत विद्यार्थीले फोहोरका कारण तनाव बढ्ने गरेको बताएका छन् ।

सापकेटा (२०५८) अनुसार : विद्यालयको फोहोर व्यवस्थापन कार्यमा सामुदायिक तथा नीजि विद्यालयहरुमा भिन्नता रहेको छैन जस अनुसार विद्यालयहरुले ठोस फोहोरलाई जलाउने गरेका छन् ।

शिक्षा नियमावलि  (२०५९) अनुसारः विद्यालयमा पर्याप्त मात्रमा खानेपानिको व्यवस्था गरिनु पर्ने, सम्पुर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने सुरक्षीत तथा घेराबारा गरिएको कम्पाउण्ड, उपयुक्त भौतिक पुर्वधारको व्यवस्था हुनुपर्ने साथै पुर्वप्रथामिक विद्यालयमा बाहेक अन्य विद्यालयमा छात्र र छात्रा तथा शिक्षकहरुका लागि अलग अलग शौचालयको व्यवस्था हुनु पर्ने र प्रत्यक थप ५० जना विद्यार्थी वरावर एक सौचालय र पर्याप्त मात्रमा युरिनल को व्यवस्था हुनुपर्ने कुरा उल्लेख छ ।

बुढाथोकि र वाग्लेका (२०६८) अनुसार : नेपालको सामुदायिक विद्यालयहरुमा करीब १२० विद्यार्थी वरावर एक शौचालय र अधिकांश विद्यालयमा युरिनलको व्यावस्था नरहेको अवस्था छ ।

भट्टराई (२०६८) अनुसार : अध्ययन गरिएका पाँच वटा सामुदायिक माध्यमिक विद्यालयको अध्ययन अनुसार प्रत्यक विदालयमा कम्तिमा पाँच महिला शिक्षक भएको तथा शिक्षक विद्यार्थी अनुपात न्युनतम १:२३ र अधिकतम १:५४ रहेको छ । खानेपानिको मुख्य स्रोतका रुपमा ८० प्रतिशत विदालयमा ट्युवेल र २० प्रतिशतमा मात्र धारा रहेको छ ।

युनिसेफका अनुसार : विदालय स्वास्थ्य सामदायिक स्वस्थ्यको एक महत्वपुर्ण शाखाको रुपमा रहेको र आज विद्यालयमा अध्ययनरत विद्यार्थीहरु भोलीका देश निमार्णकर्ता तथा एक आर्दश नागरिक हुने भएकाले प्रत्यक विद्यालय आफै सफा तथा आकर्षक हुनु जरुरी छ, जसले गर्दा यसबाट प्रत्यक्ष रुपमा विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई मात्र फाइदा नभई सम्पुर्ण देशका लागी फाइदा पुग्ने एक उधाहरणिय तथा अनुकरणिय विद्यालय हुनु जरुरी छ ।

## **२.३ साहित्यिक पुनरावलोकन अध्ययन** (Implication of Reviewed Literature )

विद्यालयमा अध्ययनरत विद्यार्थी तथा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारिहरुको कोभिड १९ विरुद्धको स्वस्थ्य मापदण्ड प्रतिको ज्ञान, अभिवृत्ति र व्यवाहारमा सकारात्मक परिर्वतन गरि उनिहरुको स्वस्थ्यलाई संरक्षण, सर्म्वद्धन र विकसित गर्न विद्यालयले विभिन्न किसिमको स्वस्थ्य सम्बन्धि कार्यक्रमहरु राख्नु पर्ने हुन्छ जसलाई निम्न बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ

क. विद्यार्थीहरुमा कोभिड १९ विरुद्धको स्वास्थ्य मापदण्ड सम्बन्धि ज्ञान, धारणा र व्यवहारमा सकारात्मक परिर्वतन ल्याउन ।

ख. विद्यालयमा कोभिड १९ विरुद्धको स्वास्थ्य मापदण्ड सम्बन्धि स्वस्थकर वातावरण सृजना गर्न ।

ग. विद्यालयमा कोभिड १९ विरुद्धको स्वास्थ्य मापदण्ड सम्बन्धि आवश्यक पर्ने आकस्मिक स्वस्थ्य सेवाको व्यवस्था गर्न ।

घ. वालवालिकाहरुलाई कोरोनाको स्वस्थपुर्ण मापदण्ड अनुसार समायोजनका लागि मद्दत गर्न ।

ङ. समाजमा कोभिड १९ विरुद्धको स्वास्थ्य मापदण्ड सम्बन्धि गलत धारणा, विश्वास, व्यवहारलाई हटाउन मद्धत गर्न आदि ।

यसरी आफ्नो अध्ययनसँग सम्वन्धित रहेर विभिन्न सिद्धान्त एवम पूर्व साहित्यको अध्ययनले विषय वस्तुलाई गहिरिएर वुझ्न सहयोग पुऱ्याउनुका साथै अध्ययन गर्न लागिएको विषयवस्तुको अध्ययन र त्यससँग सम्वन्धित समस्या, समाधानको उपाय आदी बारे वृहतरुपमा जानकारी हासिल भएको छ। सम्वन्धित साहित्यको पूर्व अध्ययनले आफुले गर्ने अध्ययनका वीचमा सामान्यीकरण गर्न, सामाञ्जस्यता र विश्लेषण गर्न मद्दत गर्दछ ।

## २.४ अवधारणत्मक ढाँचा (Conceptual Framework)

विद्यालयमा कोभिड १९ विरुद्धको स्वास्थ्य मापदण्ड सम्बन्धि आवश्यक कार्य गरि स्वस्च्छ र स्वास्थ्य वातावरण कायम राख्नको लागि विभिन्न पक्षहरुको ध्यान दिनु जरुरि हुन्छ । जसको कारण विद्यालयमा सुरक्षीत वातावरण सृजना गरि एउटा स्वास्थ्यपुर्ण वातावरणमा विद्यालयको पठनपाठन सकारात्क हुनगई अपेक्षित उपलब्धि हासिल गर्न सगयोग गर्दछ । विद्यालयमा यस कोभिड १९ पछि सञ्चालनमा आएका विद्यालयले अपनाएका स्वास्थ्य मापदण्डको अवस्था अध्ययन गर्न निम्नलिखित प्रकारको धारणात्मक संरचना निमार्ण गर्न सकिन्छ । जसको कारण अध्ययन अनुसन्धानमा सहयोग पुग्न जान्छ ।

कोभिड १९ पछि सञ्चालनमा आएका विद्यालयले अपनाएका स्वास्थ्य मापदण्डका सुचकहरु :

**कोभिड १९ पछि सञ्चालनमा आएका विद्यालयले अपनाएका स्वास्थ्य मापदण्डको अवस्था**

| |
|---|
| पर्याप्त खानेपानीको व्यवस्था |
| पर्याप्त हातधुने पानीको व्यवस्था |
| साबुनको व्यवस्था |
| सामाजिक दुरिको व्यवस्था |
| विद्यालय स्वास्थ्य सरसफाइको व्यवस्था |
| मास्क तथा फेस सिल्डको उचित प्रयोग |
| नियमित रुपका कक्षाकोठा र विद्यालय नीर्मलिकरणको व्यवस्था |
| कोरोना पछि विद्यार्थी उपस्थिति दर |
| स्थानिय समुदायको सहयोग |
| कोरोना परिक्षणको अवस्था |

# अध्याय - तीन (Chapter Three)

## अध्ययनका विधि र प्रक्रिया (Methodology and Process)

### ३.१ अध्ययनका विधि तथा प्रक्रियाहरु (Research Design and Processes)

कुनै पनि विषयको बारेमा अध्ययन गरी निष्कर्षमा पुग्नको लागि निश्चित प्रक्रिया र विधिहरु अवलम्बन गर्नु पर्दछ । यसको लागि अनुसन्धान वर्णनात्मक अध्ययन गरिएकोछ ।

### ३.२ अध्ययनको जनसंख्या तथा नमुना छनोट प्रक्रिया (Population and Sampling Procedures)

सुनसरी जिल्लामा रहेका १० वटा सामुदायिक विद्यालयका प्र. अ. हरु र प्रत्यक विद्यालमा अध्ययनरत विद्यार्थीहरु मध्यबाट १० जनाकादरले १०० जना जनसंख्याको रुपमा रहेकाछन् भने विद्यालयहरु छनोट गर्दा अनियमित नमुना सङ्कलन विधि (simple non-random sampling method) को प्रयोग गरिएको छ ।

### ३.३ तथ्याङ्क संकलनका साधनहरु (Tools of data collection)

प्रश्नावली, अर्न्तवार्ता तालिक र अवलोकन रुजुसुची यस अध्ययनको प्रमुख साधनको रुपमा प्रयोग गरिएको छ । यसरि प्राप्त तथ्याङ्कलाई अध्ययन गरि नतिजा तयार पारिएको छ ।

### ३.४ तथ्याङ्क संकलन गर्ने साधनको वैधता (Validation of Tools used in data collection)

तथ्याङ्क संकलन गर्ने साधन प्रश्नावलि र अन्तर्वाता तालिकालाई प्रमाणिक एवम त्रुटिमुक्त बनाउनको लागि झुम्कामा रहेको नमुना माध्यमिक विद्यालयमा अध्ययनरत १० जना विद्याथमा प्रयोग गरिएको थियो । उक्त पूर्व परिक्षणबाट प्राप्त परिणामको आधारमा प्रश्नहरुलाई परिमार्जन र परिवर्तन गरियको थियो । साथै अध्ययन कार्यलाई उद्देश्यपूर्ण बनाउन तथ्याङ्क

संकलनका साधनहरु सुपरीवेक्षकलाई जाय गराई सुपरिवेक्षकको सल्लाह र सुझाव अनुसार आवश्यक सुधार गरी साधनहरुको स्तर निर्धारण गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया / विधि (Data Collection Procedures)

यो अध्ययन सफल पार्नका लागि सर्वप्रथम त अध्ययन क्षेत्रको छनौट गर्ने काम गरियो । त्यसपछि क्याम्पसको तथ्याङ्क संकलनको अनुमति पत्र नगरपालिका सचिवलाई दिई नगरपालिका सचिव र गाउँ प्रतिनिधिहरुसँग आवश्यक छलफल गरिएको छ । यस अनुसन्धानमा प्रश्नावली निर्माण गरी अन्तर्वाता सुचीलाई तथ्याङ्क संकलनको साधनको रुपमा प्रयोग गरिएको छ । सुचनादाताहरुको व्यक्तिगत, पारिवारिक, शैक्षिक तथा स्वास्थ्य जस्ता विभिन्न पक्षहरुलाई समेटेर तयार पारिएको प्रश्नावलिको प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया (Data Interpretation Procedures)

यस अध्ययनमा प्राप्त भएको सुचना र तथ्याङ्कहरुलाई सरल र बुझ्नको लागि तालिका, स्तम्भ चित्र र वृत्त चित्रका माध्यमवाट प्रस्तुत गरिएको छ । त्यसै गरी केन्द्रिय तथ्याङ्क प्रवृतिका विभिन्न नापहरुको प्रयोग गरी तथ्याङ्क विश्लेषण गरिएको छ ।

# अध्याय - चार (Chapter Four)

## तथ्याङ्कको व्याख्या र विश्लेषण (Result and Discussion)

यस अध्यायमा अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ । सुनसरी जिल्ला स्थित रामधुनि स्रोत केन्द्र, इनरुवा स्रोत केन्द्र र इटहरी स्रोतकेन्द रहेका सामुदायिक विद्यालयहरुले कोभिड १९ पछि सञ्चालनमा आएका विद्यालयहरुले अपनाएका स्वास्थ्य मापदण्डहरुको विविध पक्षहरुलाई समेटि प्रश्नावलि तथा अवलोकन रुजुसुचिको प्रयोग गरी प्राप्त तथ्याङ्कलाई देहाएका विभिन उपशिर्षक मार्फत विश्लेषण गरिएको छ :

क. विद्यालयको जनसाङ्ख्यिक विवरण

ख. विद्यालयको सौचालय, चमेना, खानेपानि सम्बन्धि विवरण

ग. विद्यालयको खेलमैदान, कक्षाकोठा तथा कम्पाउण्ड सम्बन्धि विवरण

घ. प्र. अ. लाई सोधिएका प्रश्नहरुको तथ्याङ्क को विवरण

ङ. विद्याथिहरुलाई सोधिएका प्रश्नहरुको तथ्याङ्क विवरण

### ४.१ विद्यालयको जनसाङ्ख्यिक विवरण

यस खण्डमा विभिन्न विद्यालयमा कार्यरत शिक्षक तथा विद्यार्थी विवरण प्रस्तुत गरिएको छ :

#### ४.१.१ शिक्षक विवरण

शिक्षक विनाको विद्यालयको कल्पना पनि गर्न सकिदैन । शिक्षक तथा कर्मचारी विद्यालय सञ्चालनकालागी मुख्य अङ्गकारुपमा रहेका हुन्छन । जसको माध्ययमबाट विद्यालयमा विद्यार्थीले ज्ञानको ज्योति प्राप्त गर्दछन र आफ्नो जीवन उज्यालो बनाउन सफल हुन्छन् । विद्यालय सञ्चालनको लागि विद्यालयमा आवश्यक मात्रामा शिक्षक तथा कर्मचारीहरु हुनु जरुरी हुन्छ । विद्यालयका कक्षाहरु पुर्णरुपले चल्न सक्छन र शिक्षाका उदेश्यहरु पुरा हुन सम्छन । त्यसैले यो अध्ययाका क्रममा प्रयोग गरीएका विद्यालयमा कार्यरत शिक्षकहरुको विवरणलाई यहाँ प्रश्तुत गाएको छ । यो सोधपत्र तयार गर्न छनोटमा परेका विद्यमलयका शिक्षहरुको विवरण तलको तालिका १ मा देखाइएको छ :

तलिका १

शिक्षक विवरण

| क्र.म. | विद्यालयको नाम | पुरुष शिक्षक | महिला शिक्षक | जम्मा |
|---|---|---|---|---|
| १ | रामधुनि उच्च माध्यामिक विद्यालय | १६ | ४ | २० |
| २ | चन्द्रकला उच्च माध्यामिक विद्यालय | १२ | ८ | २० |
| ३ | पञ्चायत माध्यामिक विद्यालय | ७ | १० | १७ |
| ४ | जनता उच्च माध्यामिक विद्यालय | २१ | ९ | ३० |
| ५ | आदर्श उच्च माध्यामिक विद्यालय | १५ | ११ | २६ |
| ६ | शनिश्चरे उच्च माध्यामिक विद्यालय | १० | ५ | १५ |
| ७ | त्रिभुवन उच्च माध्यामिक विद्यालय | १४ | १० | २४ |
| ८ | पकलि उच्च माध्यामिक विद्यालय | २० | ७ | २७ |
| ९ | महेन्द्र उच्च माध्यामिक विद्यालय | १३ | ८ | २१ |
| १० | भादगाँउ उच्च माध्यामिक विद्यालय | २२ | ७ | २९ |

तलिका १ अनुसार सुनसरी जिल्लाको स्रोत केन्द्रका रहेका सामुदायिक उ. मा. वि. मध्य अध्ययनका क्रममा छनोट भएका १० वटा उ. मा. वि. का शिक्षक सङ्ख्या सबै भन्दा बढि जनता उ. मा. वि. मा पाइयो, जसमा २१ जना पुरुष शिक्षक र ९ जना महिला शिक्षक गरी जम्मा ३० जना कार्यरत शिक्षक पाइयो । त्यसै गरी सबैभन्दा कम शनिश्चरे उ. मा. वि. मा पाइयो, जसमा १० जना पुरुष शिक्षक र ५ जना महिला शिक्षक गरी जम्मा १५ जना कार्यरत शिक्षक पाइयो । साथै रामधुनि उ. मा. वि मा २० जना, चन्द्रकला उ. मा. वि मा २० जना, पञ्चायत मा. वि १७ जना, आदर्श उ. मा. वि मा २६ जना, त्रिभुवन उ. मा. वि.मा २४ जना, पकलि उ. मा. वि.मा २७ जना, महेन्द्र उ. मा. वि मा २१ जना र भादगाँउ उ. मा. वि मा २९ जना कार्यरत रहेको पाइयो ।

### ४.१.२ विद्यार्थी विवरण

विद्यालय सञ्चालनको अको महत्वपुर्ण रुपमा  विद्यार्थी रहेका हुन्छन । शिक्षा नियमावलि २०४९ ले पनि सामादायिक विद्यालयको विद्यार्थी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रका प्रत्यक कक्षामा क्रमशः पचास, पैंतालिस र चालिस हुनुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । अध्ययनमा छनोट भएका विद्यालयका विद्यार्थी विवरणलाई तलको तालिका २ मा प्रस्तुत गरिएको छ :

तलिका २

विद्यार्थी विवरण

| क्र.म. | विद्यालयको नाम | छात्र संङ्ख्या | छात्रा संङ्ख्या | जम्मा |
|---|---|---|---|---|
| १ | रामधुनि उच्च माध्यामिक विद्यालय | १७८ | ३२२ | ५१० |
| २ | चन्द्रकला उच्च माध्यामिक विद्यालय | २१३ | ४१० | ६२३ |
| ३ | पञ्चायत माध्यामिक विद्यालय | ९२ | १३८ | २३० |
| ४ | जनता उच्च माध्यामिक विद्यालय | ३२३ | ७२० | १०२३ |
| ५ | आदर्श उच्च माध्यामिक विद्यालय | २८० | ४२० | ७०० |
| ६ | शनिश्चरे उच्च माध्यामिक विद्यालय | १४७ | २०५ | ३५२ |
| ७ | त्रिभुवन उच्च माध्यामिक विद्यालय | २१२ | ४१२ | ६२४ |
| ८ | पकलि उच्च माध्यामिक विद्यालय | ३१८ | ४२३ | ७४१ |
| ९ | महेन्द्र उच्च माध्यामिक विद्यालय | १४७ | २४६ | ३९३ |
| १० | भादगाँउ उच्च माध्यामिक विद्यालय | २४१ | ३३७ | ५७८ |

माथि उल्लेखित तालीका लाई अध्ययन गर्दा जनता उच्च माध्यामिक विद्यालयमा उल्लेखनिय मात्रामा विद्यार्थीको भर्नादर देखिन्छ भने पञ्चायत माध्यामिक विद्यालयमा न्युनतम विद्यार्थी भर्नादर भएको देखिन्छ । सामान्यतया तल्लो कक्षामा विद्यार्थी संङ्ख्या न्युनतम रहेको पाइएको छ भने माथिल्लो कक्षामा भने राम्रै संङ्ख्यामा विद्यार्थी संङ्ख्या भएको पाइयो । समग्रमा सामुदायीक विद्यालयमा तल्लो कक्षामा विद्यार्थी भर्नादर घट्नुको पछाडि अभिभावकको चेतनाको

स्तरमा भएको कमि तथा गरिवी कारण हुन सक्छ । अर्को तर्फ सामुदायिक विद्यालयको कमजोर शैक्षिक स्तर तथा स्थानिय स्तरमा खोलियका नीजि विद्यालयहरुले प्रदान गर्ने गरेको विश्वास बढ्दै गएको र आफना नानीबाबुहरुलाई सामुदायिक विद्यालयभन्दा निजि विद्यालयमा नै पढ्न पठाउनुपनि एउटा प्रमुख कारण हुन सक्ने देखिन्छ । यसका साथै विद्यालयमा भर्नादर वृद्धि गर्न सामुदायिक विद्यालयले विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी रुपमा संञ्चालन गर्न नसक्नु पनि विद्यार्थीको भर्नादर कम भएको हो भन्न सकिन्छ । यो समस्या समाधान गर्न विद्यालय तथा स्थानिय सरकारले स्पष्ट कार्यक्रम ल्याई प्रभावकारीरुपमा लागुगर्न सक्नु पर्ने देखिन्छ ।

## ४.२ विद्यालयको सौचालय, चमेना, खानेपानि सम्बन्धि विवरण

विद्यालयको सौचालय, चमेना, खानेपानि यस्ता संवेदनसिल क्षेत्रहुन जहाँ सदैव सरसफाई भई सुरक्षित हुनु पनि उत्तिकै जरुरी छ । यी पक्षहरुको सरसफाई तथा निमैलिकरण गरी सामाजिक दुरी पनि चुस्त दुरुस्त राखिनु पर्दछ । विद्यालयको सौचालय, चमेना, खानेपानि सम्बन्धि विवरण तलको खण्डमा राखीएको छ :

### ४.२.१ विद्यालयको खानेपानीको स्रोतको विवरण

पानी हरेक प्राणीको अस्तित्व कायम राख्नको लागी प्रमुख र अत्यावश्यक स्रोत भएकाले विद्यालयमा प्रयोगहुने खानेपानी सफा, सुरक्षित तथा पर्याप्त मात्रमा हुनु जरुरी छ । खानेपानीको स्रेतमा सबै विद्यार्थीको पहुच पुग्नु जरुरी छ । अध्ययन गरीएका दशवटा सामुदायिक उ. मा. वि का खानेपानीको अवस्थालाई चित्र १ मा देखाएको छ:

तालिका ३

विद्यालयमा खानेपानीको स्रोतको व्यावस्था सम्बन्धि विवरण

| क्र.सं | विवरण | संख्या | प्रतिशत ( % ) |
|---|---|---|---|
| १ | धराको व्यावस्था भएका विद्यालय | ३ | ३०% |
| २ | ट्युवेलको व्यवस्था भएका विद्यालय | ७ | ७०% |
| | जम्मा | १० | १००% |

माथीको तालिका ३ मा देखाए बमोजिम अध्ययन गरीएका दशवटा सामुदायिक उ. मा. वि मध्य ३० प्रतिशत विद्यालयमा धाराको व्यावस्था गरिएको पाइयो भने ७० प्रतिशत विद्यालयमा ट्युवेललाई विद्यालयको खानेपानिको रुपमा प्रयोग गरिएको पाइयो । जसमा अधिकांस विद्यालयमा ट्युवेललाइनै मुख्य पिउने पानिको रुपमा प्रयोग गरिएको पाइयो भने मटरबाट पानी तानेर भएपनि धाराको व्यावस्था भने महेन्द्र उ. मा. वि, जनता उ. मा. वि र आदर्श उ. मा. वि मा भने धाराको प्रयोग गरिएको पाइयो ।

यसबाट यो प्रष्ट हुन्छ कि सामुदायिक विद्यालयमा खानेपानिको अपुग रहेको देखिन्छ । खानेपानिको प्रयोग सिधै कलबाटै गरेको पाइयो त्यसलाई फिल्टर नै नगरि प्रयोग गरेको पाइयो । यसबाट विदार्थीहरुमा पानिजन्य संक्रमणको सम्भावना एकातिर देखिन्छ भने अर्को तिर कलमा भिड हुने हुनाले कोरोनाको पनि माहामारी बढ्न सक्ने सम्भावना देखिन्छ । तसर्थ विद्यालयले प्रसस्त मात्रमा धाराहरुको व्यवस्था गरिनुपर्ने देखिन्छ ।

### ४.२.२ विद्यालयमा चमेना गृहको विवरण

मनिसलाइ शक्तिप्राप्त गर्न, वृद्धि र विकासको लागि तथा रोगबाट वच्नको लागि खानाको आवश्यत्ता पर्दछ । विदालयमा करिब ६–७ घण्टा विताउनुपर्ने भएकाले विद्यार्थी तथा शिक्षक शिक्षिकाको लागि विद्यालयमा चमेनागृहको व्यवस्था गरिएको हुनु पर्दछ । यसका लागि घरैबाट खाजा लिएर आउनु पने वा चमेना गृहबाट लिएर खानुपर्ने हून्छ । कतिपय अवस्थामा सधैंभरि

घरैबाट खाजा लिएर आउन सक्ने वातावरण नहुनसक्छ । त्यस्तो अवस्थामा विद्यालएले चमेना गृहको राम्रो व्यवस्था गरेको हुनुपर्दछ ।

तालिका ४

विद्यालयमा चमेना गृहको व्यावस्था सम्बन्धि विवरण

| क.सं | विवरण | संख्या | प्रतिशत ( % ) |
|---|---|---|---|
| १ | व्यावस्था गरिएका विद्यालय | ७ | ७०% |
| २ | व्यवस्था नगरिएका विद्यालय संख्या | ३ | ३०% |
| | जम्मा | १० | १००% |

माथीको तालिका ४ मा देखाए बमोजिम अध्ययन गरीएका दशवटा सामुदायिक उ. मा. वि मध्य ३० प्रतिशत विद्यालयमा चमेना गृहको  व्यावस्था नगरिएको पाइयो भने ७० प्रतिशत विद्यालयमा भने चमेनागृहको व्यवस्था गरिएको पाइयो । जसमा ७० प्रतिसत विद्यालयमा विद्यार्थीहरुले विद्यालयमै खाजा खान सक्ने देखियो भने चाहेको खण्डमा घरबाट पनि लिएर आउन सक्ने पाइयो बाकि ३० प्रतिसतमा  भने अनिवार्य घरैवाट लिएर आउनु पर्यो वा विद्यालयबाट १०० मिटर बाहिर गएर खानु पर्ने देखियो । विभिन्न विद्यालयहरु जस्तै शनिश्चरे उ. मा. वि, त्रिभुवन मा. वि तथा श्री रामधुनि उ. मा. वि मा भने चमेना गृहको व्यावस्था विद्यालय परिसर भित्र नगरेको पाइयो भनृ अरु विद्यालयहरु ज्स्तै महेन्द्र उ. मा. वि, जनता उ. मा. वि र आदर्श उ. मा. वि मा भने चमेना गृहको प्रवन्ध गरिएको पाइयो ।

यसरी हेर्दा सामुदायिक विद्यालयमा दिवा खाजाको व्यवस्था को अवधारणाको विकास राम्रोसँग नभएको पाइयो । जसको कारण शिक्षक तथा कर्मचारी तथा विद्यार्थीहरु समेत चमेनाको सुविधा नभउको कारणले गर्दा दिनभरिनै भोकै रहन्पर्ने बाध्यता रहेको छ भने चमेना गृहको सुविधा भएका विद्यालयहरुमा पनि पर्याप्त खाजा, सफा पानि र प्रशस्त मात्रमा बस्ने कुर्सि तथा टेवलको अभावका कारणले भिडहुने गरेको पाइयो जसका कारणले गर्दा कोरोनाको जोखिम देखिन्छ । यसको लागि विद्यालयले राम्रो प्रबन्ध मिलाउन ध्यान दिनुपर्ने देखिन्छ ।

### ४.२.३ विद्यालयमा सौचालयको व्यावस्था

विद्यालयमा प्रय दिनभरि दनि विताउनुपर्ने भएकाले प्रशस्त मात्रमा सौचालयमो व्यावस्था गरिनुपर्नेहून्छ जसले गर्दा विद्यार्थी तथा शिक्षकहरुले सहजरुपमा प्रयोग गर्न सक्छन । सौचालय प्रत्यक विदालयमा शिक्षक तथा कर्मचारी को लागि र विद्यार्थीहरुको लागि छात्र सौचालय छुट्टै र छात्रा सौचालय छुट्टै व्यवस्था गरिनुपर्ने हुन्छ जसले विद्यालयमा सहजवातावरणको सृजन गर्दछ । अध्ययन गरिएका विद्यालयहरुको सौचालयको अवस्था निम्नानुसारको पाइयो :

तालिका ५

विद्यालयमा सौचालयको व्यावस्था

| क्र.म. | विद्यालयको नाम | छात्र सौचालय | छात्रा सौचालय | शिक्षक कर्मचारि सौचालय |
|---|---|---|---|---|
| १ | रामधुनि उ. मा. वि. | २ | २ | १ |
| २ | चन्द्रकला उ. मा. वि. | २ | २ | १ |
| ३ | पञ्चायत मा. वि. | २ | २ | १ |
| ४ | जनता उ. मा. वि. | ५ | ५ | २ |
| ५ | आदर्श उ. मा. वि. | २ | २ | १ |
| ६ | शनिश्चरे उ. मा. वि. | २ | २ | १ |
| ७ | त्रिभुवन उ. मा. वि. | २ | २ | १ |
| ८ | पकलि उ. मा. वि. | ५ | ५ | २ |
| ९ | महेन्द्र उ. मा. वि. | २ | २ | २ |
| १० | भादगाँउ उ. मा. वि. | २ | २ | २ |

मथिको तालिकालाइ अध्ययन गर्दा जनता उ. मा. वि. र पकलि उ. मा. वि. मा प्रशस्तमात्रमा सौचालयको व्यावस्था गरेको पाइयो भने अधिकतम विद्यालयहरुमा सौचालयको कमि देखिन्छ । जसको कारण्ले गर्दा सौचालयमा भिड बढ्ने र समयमै पालो नआउने भउकाले

पालो पर्खिनु पर्ने देखिन्छ भने अर्कातिर कोरोनाको पनि जोखिम रहेको पाइयो । अर्कातिर अधिकांस विद्यालयमा रहेका सौचालयहरुको सरसफाइमा ध्यान कम पुर्यायको पाइयो । यस समस्या समाधानको लागी विद्यालयले सक्दो चाडो सोचालयको व्यावस्था गरिनु पर्ने देखिन्छ भने भएका सौचालयको सरसफाइमा तथा उचित प्रयोगमा ध्यान दिनु पर्ने देखिन्छ ।

## ४.३ विद्यालय प्रध्यानाध्यापकलाई सोधिएका प्रश्नावलिको तथ्याङ्क विवरण

विद्यालय एउटा त्यस्तो पवित्र स्थान हो जहाँ हरेक वालवालिकाहरुलाई ज्ञानको ज्योति प्रदान गरिन्छ जसको माध्यमबाट उसले आफ्नो जिवनमा आइ परेका र पर्न सक्ने सम्भाव्य घटनाबाट आफुलाई जोगाउन सक्दछ। यो एउटा देश निमार्णको लागि आवश्यक जनशत्ति निमार्ण गर्ने थलोपनि हो । त्यसैले विदालयमा हुने हरेक गतिविधि वालमेत्रि हुनु जरुरी छ । विद्यालय स.चालन र त्यसको व्यवस्थापनमा मुख्यत प्र. अ कै जिम्वेवारी हुनछ। कोभिड १९ को माहामारीमा पनि विद्यालयलाइ सुरक्षित तवरले संचालन गर्न सक्नु चुनौति पनि हो । त्यसैले कोभिड १९ पछि सञ्चालनमा आएका विद्यालयहरुले अपनाएका स्वास्थ्य मापदण्डसँग सम्बन्धित २७ वटा प्रश्नावलि निमार्णगरी दश वटा उ. मा. वि. का प्र. अ हरुलाइ सोधिएको थियो । उक्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.३.१ विद्यालयमा विद्यार्थीले मास्कको प्रयोग सम्बन्धि विवरण

वतावरण प्रदुषणका कारणले हामिले लिने अक्सीजनमा विभिन्न प्रकारका धुलो र कणहरु ह्मम्रो फोक्सोमा प्रवेस गरी हामीलाइ अस्वस्थ बनाइदिने गर्दछ। हाल आएर फैलिदै गरेको कोरोना माहामारी को रोकथामको लागी पनि अनिवार्य रुपमा हामिले घरबाहिर निस्कदा मास्कको प्रयोगलाई निरन्तरता दिनु पर्नेहुन्छ । विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारले पनि विद्यार्थी तथा शिक्षकका लागि मास्क अनिवार्य नै गरेको छ । यहाँ विद्यालयमा मास्कको प्रयोग सम्बन्धि विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६

विद्यालयमा विद्यार्थीले मास्कको प्रयोग सम्बन्धि विवरण

| क.सं | विवरण | संख्या | प्रतिशत ( % ) |
|---|---|---|---|
| १ | सधैं लगाउँछन | ५ | ५०% |
| २ | कहिलेकाहिँ लगाउँछन | ५ | ५०% |
| ३ | लगाउँदैनन् | ०० | ०० |
| | जम्मा | १० | १००% |

मथिको तालिका ६ बाट के प्रष्ट हुन्छ भने ५ जना ५०% प्र. अ हरुले विद्यालयमा विद्यार्थीले मास्क सधैं लगाउँछन भनि प्रतिक्रिया दिनु भयो भने बाकी ५ जना ५०% प्र. अ हरुले पनि विद्यालयमा विद्यार्थीले मास्क कहिलेकाँहि लगाउँछन भनि प्रतिक्रिया दिनु भयो । यसबाट के प्रष्ट हुन्छ भने विद्यालयमा खासै कोरोनाको डर भएको देखिदैन जसले गर्दा यदि कुनै वच्चालाई संक्रमण भयो भने सम्पुर्ण वालवच्चाहरुमा फलिन सक्ने सम्भावना छ । त्यसैले विद्यालय परिसर भित्र अनिवार्य मास्कको प्रयोग हुनुपर्ने देखिन्छ ।

### ४.३.२ विद्यालयमा पिउँने पानीको उपलब्धता सम्बन्धि विवरण

विद्यालयमा विद्यार्थी तथा शिक्षकहरुकालागी पिउने पानीको व्यवस्था अनिवार्य गरिनु पर्दछ । विद्यार्थीहरुले नियमित रुपमा घरबाट तथा बाटोमा किनेर प्रयोग गर्न सम्भावना हुदैन । झन यो कोरोनाको सनत्रासमाता झन विद्याथीहरुलाई सफा पिउने पानीको प्रबन्ध विद्यालय प्रसाशनले मिलाउनु पर्ने हुन्छ । पिउने पानीका लागि पिउने पानीको धारा जडान गरीनु पर्नेहुन्छ ताकि सहजरुपमा विद्यार्थीले पानीको तिर्खा मेटाउन सकुन । छनोटमा परेका विद्यालयहरुमा भेटिएको पिउने पानी सम्बन्धि विवरण तल प्रस्तुत गरिएको छ :

तालिका ७

पिउँने पानीको उपलब्धता सम्बन्धि विवरण

| क.सं | विवरण | संख्या | प्रतिशत ( % ) |
|---|---|---|---|
| १ | विद्यालय परिसरमा | १० | १००% |
| २ | घरैबाट बोकेर | ०० | ०० |
| ३ | बाटामा किनेर | ०० | ०० |
| | जम्मा | १० | १००% |

मथिको तालिका ७ बाट के प्रष्ट हुन्छ भने १० जना १००% प्र. अ हरुले विद्यालयमा विद्यार्थीहरुले पिउँने पानी विद्यालय परिसरमा पाउँछन कि घरैबार बोकेर आउँछन् भनि सोधिएको प्रश्नको प्रतिक्रिया दिनु भयो । विद्यालयले पिएने पानिको उपलब्धता टेयाङ्कि राखेर र ट्युवेल गाडेर उपलब्ध गरेको पाइयो र तर पानिलाई फिल्टर गरेर उपलब्ध गरेको चै पाइएन ।

यसबाट के प्रष्ट हुन्छ भने ट्युवेलको पानिमा विदाथिको भिडहुने र आइरनको मात्रा धेरै हुने पनि हुन सक्छ । भिड बढ्दा विभिन्न समस्या आउन सक्छन भने अर्को तिर कोरोनाको पनि जोखिम बढ्न सक्छ । त्यसको लागि उचित पिउने पानीको व्यावस्था गरिनु पर्ने देखिन्छ ।

### ४.३.३ विद्यालयमा हातधुने पानी र साबुनको उपलब्धता सम्बन्धि विवरण

हामिले स्वास्थ्य जिवन जिउनका लागी अनिवार्य रुपमा स्वास्थ्यका मापदण्ड जस्तै खाना खानु अगाडि हात साबुन पानीले धुनु पर्ने, सम्भव भए सम्म दैनिक नुहाउनु पर्ने, सफा कपडा लगाएनुपने जस्ता व्यावहारको पालना गरिनु पर्ने हुन्छ । झन अहिलेको कोरोनाको समयमाता बेलाबेलामा साबुन पानीले विस मिनेट सम्म हात धुनुपर्ने हुन्छ । विद्यालयमा प्रवेश गर्नु पुर्व र बेलाबेलामा विद्यार्थीहरुलाई साबुन पानीले हात धुने पानी र साबुनको व्यवस्था गरिनु पर्दछ । छनोटमा परेका विद्यालयहरुले गरेको साबुन पानीको व्यवस्था तथा उपलब्धता तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ८

हातधुने पानी र साबुनको उपलब्धता सम्बन्धि ववरण

| क.सं | विवरण | संख्या | प्रतिशत ( % ) |
|---|---|---|---|
| १ | उपलब्ध छ | १० | १००% |
| २ | उपलब्ध छैन | ०० | ०० |
| ३ | कहिलेकाहिँ हुन्छ | ०० | ०० |
| | जम्मा | १० | १००% |

मथिको तालिका ८ बाट के प्रष्ट हुन्छ भने १० जना १००% प्र. अ हरुल विद्यालयमा हातधुनको लागि साबुन पानीको व्यवस्था के छ ? भनि सोधिएको प्रश्नको प्रतिक्रिया दिनु भयो । विद्यालयले विद्याथीहरुलाई वेलावेलामा हातधुनको लागि भनेर साबुन र पानिको व्यावस्थागरेको पाइयो । कतिपय ३०% विद्यालयहरुले ट्युवेलकै छेउमा राखेको पाइयो भने प्राय ७०% प्रतिसत विद्यालयहरुले ट्याङ्कीबाट धाराहरुमा पानिको व्यावस्था गरी साबुनको पनि व्यावस्था गरेको पाइयो ।

**४.३.४ विद्यालयमा कोरोना नियन्त्रणका लागि अपनाएका उपाय सम्बन्धि विवरण**

